# शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिबृद्दि (स्मार्ट विद्यालय) कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

<u>प्रस्तावना</u>: सामुदायिक विद्यालयमा समान शैक्षिक पहुँच, निरन्तरता, नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोगमा आधारित शिक्षण विधिमार्फत शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन प्रणाली सुनिश्चित गरी विद्यार्थीहरुको सिकाई प्रभावकारी र दिगो बनाइ गुणस्तरीय सक्षम र प्रतिष्पर्धी मानवस्रोत विकासको आधारका रुपमा सामुदायिक विद्यालयलाई विकास गर्न बान्छनिय भएकोले,

लुम्बिनी प्रदेश सरकार विनियोजन ऐन २०८२ को दफा ११(२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यो कार्यविधिको नाम "शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि (स्मार्ट विद्यालय) कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि छनौट भएका विद्यालयहरुको हकमा मात्र लागु हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्य सम्पादन करार" भन्नाले स्मार्ट विद्यालयका लागि छनौट भएका विद्यालय र सामाजिक विकास डिभिजन कार्यालय बिच हुने स्मार्ट विद्यालय विकास र व्यवस्थापन सम्बन्धी संझौतालाई सम्झनु पर्दछ।

ख) "डिभिजन" भन्नाले सामाजिक विकास डिभिजन कार्यालय सम्झनु पर्दछ।

ग) "निर्देशक समिति" भन्नाले दफा ४ बमोजिम गठित समितिलाई संझनुपर्दछ ।

घ) "निर्देशनालय" भन्नाले शिक्षा तथा सामाजिक विकास निर्देशनालय सम्झनु पर्दछ।

ङ) "प्रधानाध्यापक" भन्नाले कार्यक्रम सञ्चालन भएका विद्यालयका प्रधानाध्यापक सम्झन् पर्दछ।

च) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।

छ) "विद्यालय" भन्नाले यो कार्यविधि बमोजिम छनौट सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्दछ।

ज) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई संझनुपर्दछ ।

झ) "स्मार्ट विद्यालय" भन्नाले नविन व्यवस्थापकीय कौशल भएको, प्रविधिमा आधारित, सुशासित एवं गुणस्तरीय विद्यालय संझनुपर्दछ ।

३. <u>कार्याविधिको उद्देश्य</u>: यस कार्यविधिका उद्देश्य देहायबमोजिम रहेका छन् :

क) स्मार्ट विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनका लागि मार्गदर्शन गर्नु,

ख) विद्यालय सुशासन र शासकीय प्रवन्धमा विशेष व्यवस्था गरी सिकाई अनुकल वातावरण विकास गर्नु,

ग) नविनतम प्रविधि एवं नवप्रवर्तनात्मक शिक्षण विधिको माध्यमबाट गुणस्तरीय एवं प्रतिष्पर्धि विद्यालय शिक्षाको विकासका लागि सहजीकरण गर्नु ।

## परिच्छेद -२

### विभिन्न समितिको गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

४. निर्देशक समितिको गठनः स्मार्ट विद्यालय विकास र प्रभावकारी व्यवस्थापनका लागि आवश्यक मार्गदर्शनका लागि देहाय बमोजिमको स्मार्ट विद्यालय निर्देशक समिति रहनेछ :

| | |
|---|---|
| क) मन्त्री, सामाजिक विकास मन्त्रालय | संयोजक |
| ख) सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य |
| ग) महानिर्देशक, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | सदस्य |
| घ) विज्ञ प्रतिधिनि, लुम्बिनी प्राविधिक विश्वविद्यालय | सदस्य |
| ङ) विज्ञ प्रतिनिधि, सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान | सदस्य |
| च) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | सदस्य |
| छ) उपसचिव, योजना अनुगमन तथा उच्च शिक्षा महाशाखा | सदस्य सचिव |

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्र र निकायका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

५. निर्देशक समितिको काम कर्तव्य र अधिकारः स्मार्ट विद्यालय निर्देशक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) स्मार्ट विद्यालय विकास तथा व्यवस्थापन सम्बन्धि नीतिगत मार्गदर्शन गर्ने,

ख) स्मार्ट विद्यालयको विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी एवम् गैरसरकारी निकायसँग समन्वय गर्ने,

ग) स्मार्ट विद्यालय सञ्चालनका लागि विद्यालय छनौटका आधार र मापदण्डलाई समयानुकूल परिमार्जन गर्ने,

घ) स्मार्ट विद्यालय कार्यक्रम सञ्चालनका लागि छनोट भएका विद्यालयको नाम स्वीकृति गर्ने,

ङ) स्मार्ट विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्था गर्ने,

च) स्मार्ट विद्यालयको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी वनाउन विद्यालय व्यवस्थापन समिति र सम्बद्ध सरोकारवालालाई आवश्यक निर्देशन दिने,

छ) स्मार्ट विद्यालयहरुको नियमित अनुगमन तथा निरीक्षण गर्ने, गराउने ।

६. प्रस्ताव मुल्याङ्कन समितिः (१) डिभिजन कार्यालयबाट प्राप्त प्रस्तावहरुको मुल्याङ्कनका लागि निर्देशनालयमा देहायबमोजिमको प्रस्ताव मुल्याङ्कन समिति रहनेछ ।

| | |
|---|---|
| क) महानिर्देशक, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | संयोजक |
| ख) महाशाखा प्रमुख, योजना हेर्ने सामाजिक विकास मन्त्रालय | सदस्य |
| ग) प्रतिधिनि, लुम्बिनी प्राविधिक विश्वविद्यालय | सदस्य |
| घ) प्रतिनिधि, सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान | सदस्य |
| ङ) अधिकृत, कार्यक्रम तथा योजना हेर्ने निर्देशनालय | सदस्य सचिव |

७. <u>प्रस्ताव मुल्याङ्कन समितिको काम कर्तव्य र अधिकारः</u> (१)दफा (६) बमोजिम गठित प्रस्ताव मुल्याङ्कन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) डिभिजन कार्यालयबाट निर्देशनालयमा प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गर्ने,

ख) डिभिजन कार्यालयबाट प्राप्त छोटो सूचीमा रहेका विद्यालयको सत्यापनका लागि अनुगमन गर्ने,

ग) उच्चतम अङ्क प्राप्त गर्ने विद्यालयहरुको प्राथमिकताक्रम सहितको सूची निर्देशक समिति समक्ष पेश गर्ने,

घ) निर्देशक समितिले दिएका अन्य कार्यहरु गर्ने,

## परिच्छेद ३

## स्मार्ट विद्यालय छनौटका आधार तथा प्रक्रिया

८. <u>स्मार्ट विद्यालय छनौटका आधारः</u> स्मार्ट विद्यालय छनोट लागि अनुसूची २ मा उल्लेखित आधारका अतिरिक्त देहाय बमोजिम हुनेछनः

क) भौगोलिक रुपले समावेशिता,

ख) विद्यालय सुधार योजना,

ग) आधारभुत पूर्वाधार विकासको अवस्था,

घ) विद्यार्थी सिकाई उपलब्धी

ङ) शिक्षक दरबन्दी तथा कर्मचारी

च) नवप्रवर्तनीय सोच

९. <u>स्मार्ट विद्यालय छनोटको प्रकृयाः स्मार्ट विद्यालय छनोट देहायबमोजिम हुनेछः</u>

क) इच्छुक सामुदायिक माध्यमिक विद्यालयलाई मन्त्रालयबाट ३० दिनको समयावधि राखी प्रस्ताव आह्वान गरिनेछ,

ख) इच्छुक विद्यालयले अनुसूची १ को विवरण सहित अनुसूची ३ को ढाँचामा सम्बन्धित डिभिजन कार्यालयहरुमा प्रस्ताव पेश गर्ने,

ग) आफ्नो डिभिजनमा प्राप्त प्रस्तावहरुको प्रारम्भिक मुल्याङ्कन गरी उच्चम अङ्क प्राप्त गर्ने कम्तिमा ५ वटा विद्यालयको नाम मन्त्रालयमा सिफारिस गर्ने,

घ) डिभिजन कार्यालयबाट सिफारिस भई आएका विद्यालयहरुको विस्तृत मुल्याङ्कन, प्रस्ताव मुल्याङ्कन समितिबाट गराई उच्चतम अङ्क प्राप्त गर्ने विद्यालयहरुको नाम अद्यावधिक गर्ने,

ङ) प्रस्ताव मुल्याङ्कन समितिबाट प्राप्त सिफारिस निर्देशक समिति पेश गरी स्मार्ट विद्यालयको अन्तिम नामावली छनोट गर्ने,

## परिच्छेद ४

## स्मार्ट विद्यालय छनोट विकास र व्यवस्थापनमा विभिन्न निकायको भुमिका

१०. <u>मन्त्रालयको भुमिकाः</u> स्मार्ट विद्यालय छनोट विकास र व्यवस्थापनमा मन्त्रालयको भुमिका देहायबमोजिम हुनेछ,

क) प्रस्ताव आह्वान गर्ने,

ख) छनोट हुने विद्यालयको डिभिजनगत रुपमा अख्तियारी पठाउने,

ग) कार्यक्रमको अनुगमन मुल्याङ्कन तथा सहजीकरण गर्ने,

घ) छनोट भएका विद्यालयलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

११. <u>निर्देशनालयको भुमिकाः</u> स्मार्ट विद्यालय छनोट विकास तथा व्यवस्थापनका लागि निर्देशनालयको भुमिका देहायबमोजिम हुनेछ,

क) प्रस्ताव संकलन तथा प्रारम्भिक मुल्याङ्कनका लागि डिभिजन कार्यालयलाई सहजीकरण गर्ने,

ख) निर्देशनालयमा प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गर्न प्रस्ताव मुल्याङ्कन समितिको गठन गर्ने,

ग) प्रस्तावहरुको मुल्याङ्कन गराई प्राप्त नतिजालाई निर्देशक समितिमा पेश गर्ने,

घ) कार्यक्रमको अनुगमन मुल्याङ्कन तथा सहजीकरण गर्ने

१२. <u>डिभिजन कार्यालयको भुमिकाः</u> स्मार्ट विद्यालय छनोट विकास तथा व्यवस्थापनमा डिभिजन कार्यालयको भुमिका देहायबमोजिम हुनेछ,

क) विद्यालयहरुबाट पेश हुने प्रस्तावको संकलन गर्ने,

ख) प्राप्त प्रस्तावहरुको प्रारम्भिक मुल्याङ्कन गरी उच्चतम अङ्क प्राप्त गर्ने ५ विद्यालयको नाम निर्देशनालयमा सिफारिस गर्ने,

ग) मुल्याङ्कन गरिएका विद्यालयहरुको प्रस्ताव मुल्याङ्कनसँग सम्बन्धित सम्पुर्ण कागजातहरु निर्देशनालयमा पेश गर्ने,

घ) छनोट भएका विद्यालयहरुसँग संझौता गर्ने,

ङ) कार्यक्रमको नियमित अनुगमन तथा सहजीकरण गर्ने,

च) प्रचलित कानुन र संझौता अनुसार कार्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्ने,

छ) नियमानुसार भुक्तानी तथा प्रतिवेदन गर्ने,

१३. <u>स्थानीय तहको भूमिकाः</u> स्मार्ट विद्यालय व्यवस्थापनका सन्दर्भमा स्थानीय तहको भुमिका देहायबमोजिम हुनेछ,

क) आफनो स्थानीय तह भित्र सञ्चालित विद्यालय व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने,

ख) विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गरी प्रधानाध्यापक, शिक्षक र व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

ग) आफनो क्षेत्रभित्र सञ्चालित अन्य सामुदायिक विद्यालयहरुलाई स्मार्ट विद्यालयका रुपमा विकास गर्न अभिप्रेरित गर्ने,

१४. <u>विद्यालयको भूमिकाः</u> स्मार्ट विद्यालयको व्यवस्थापनमा विद्यालयको भुमिका देहायबमोजिम हुनेछ,

क) मन्त्रालयबाट आयोजित अभिमुखीकरण कार्यक्रममा सहभागी हुने,

ख) डिभिजन कार्यालयसँगको संझौता अनुसार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने,

ग) कार्यक्रमको उद्देश्य हासिल हुने गरी विद्यालयको व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने,

ख) छनोट हुने विद्यालयको डिभिजनगत रुपमा अख्तियारी पठाउने,

ग) कार्यक्रमको अनुगमन मुल्याङ्कन तथा सहजीकरण गर्ने,

घ) प्रस्ताव आह्वान गर्ने,

११. <u>निर्देशनालयको भुमिका:</u> स्मार्ट विद्यालय छनोट विकास तथा व्यवस्थापनका लागि निर्देशनालयको भुमिका देहायबमोजिम हुनेछ,

क) प्रस्ताव संकलन तथा प्रारम्भिक मुल्याङ्कनका लागि डिभिजन कार्यालयलाई सहजीकरण गर्ने,

ख) निर्देशनालयमा प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गर्न प्रस्ताव मुल्याङ्कन समितिको गठन गर्ने,

ग) प्रस्तावहरुको मुल्याङ्कन गराई प्राप्त नतिजालाई निर्देशक समितिमा पेश गर्ने,

घ) कार्यक्रमको अनुगमन मुल्याङ्कन तथा सहजीकरण गर्ने

१२. <u>डिभिजन कार्यालयको भुमिका:</u> स्मार्ट विद्यालय छनोट विकास तथा व्यवस्थापनमा डिभिजन कार्यालयको भुमिका देहायबमोजिम हुनेछ,

क) विद्यालयहरुबाट पेश हुने प्रस्तावको संकलन गर्ने,

ख) प्राप्त प्रस्तावहरुको प्रारम्भिक मुल्याङ्कन गरी उच्चतम अङ्क प्राप्त गर्ने ५ विद्यालयको नाम निर्देशनालयमा सिफारिस गर्ने,

ग) मुल्याङ्कन गरिएका विद्यालयहरुको प्रस्ताव मुल्याङ्कनसँग सम्बन्धित सम्पुर्ण कागजातहरु निर्देशनालयमा पेश गर्ने,

घ) छनोट भएका विद्यालयहरुसँग संझौता गर्ने,

ङ) कार्यक्रमको नियमित अनुगमन तथा सहजीकरण गर्ने,

च) प्रचलित कानुन र संझौता अनुसार कार्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्ने,

छ) नियमानुसार भुक्तानी तथा प्रतिवेदन गर्ने,

१३. <u>स्थानीय तहको भूमिका:</u> स्मार्ट विद्यालय व्यवस्थापनका सन्दर्भमा स्थानीय तहको भुमिका देहायबमोजिम हुनेछ,

क) आफनो स्थानीय तह भित्र सञ्चालित विद्यालय व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने,

ख) विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गरी प्रधानाध्यापक, शिक्षक र व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

ग) आफनो क्षेत्रभित्र सञ्चालित अन्य सामुदायिक विद्यालयहरुलाई स्मार्ट विद्यालयका रुपमा विकास गर्न अभिप्रेरित गर्ने,

१४. <u>विद्यालयको भूमिका:</u> स्मार्ट विद्यालयको व्यवस्थापनमा विद्यालयको भुमिका देहायबमोजिम हुनेछ,

क) मन्त्रालयबाट आयोजित अभिमुखीकरण कार्यक्रममा सहभागी हुने,

ख) डिभिजन कार्यालयसँगको संझौता अनुसार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने,

ग) कार्यक्रमको उद्देश्य हासिल हुने गरी विद्यालयको व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने,

घ) विद्यालयले योजना, कार्यक्रम अनुगमन मुल्याङ्कनसँग सम्बन्धित गतिविधिलाई सूचना प्रविधिको माध्यमबाट सञ्चालन तथा व्यवस्थापन गर्ने,

ङ) विद्यालयका स्मार्ट गतिविधिहरुलाई आफ्नो वेभसाइट तथा अन्य प्लेटफमहरुमा सार्वजनिक गर्ने,

च) विद्यालयका शैक्षिक, प्राविधिक तथा व्यवस्थापकीय गतिविधि स्मार्ट वनाउन नवप्रवर्तनात्मक सोच र रणनीतिको विकास गरी कार्यान्वयन गर्ने,

छ) विद्यालयमा सुशासन तथा प्रभावकारी व्यवस्थापन गरी नमुना स्मार्ट विद्यालयको रुपमा पहिचान बनाउने,

ज) अन्य निकायबाट प्रत्यायोजित कार्यहरु गर्ने,

## परिच्छेद ५

## स्मार्ट विद्यालयको शैक्षिक तथा प्रविधिजन्य पूर्वाधार विकास

१५. स्मार्ट विद्यालयमा हुने शैक्षिक तथा प्रविधिजन्य पूर्वाधार : स्मार्ट विद्यालय विकासका लागि निम्नानुसारका शैक्षिक तथा प्रविधिजन्य पूर्वाधारहरु रहनेछन,

क) स्मार्ट टिभि, स्मार्ट बोर्ड, सिसिटिभि क्यामरा

ख) विद्यालयको व्यवस्थापकीय सफ्टवेयर,

ग) डिजिटल कन्टेन्टको विकास र प्रशारण,

घ) विद्यार्थीको नवप्रवर्तनीय सोचको विकास र परिष्करण,

ङ) इ-लाइब्रेरीको विकास,

च) विद्यालयको वेभसाइट तथा अन्य डिजिटल पोर्टलको निर्माण,

छ) विषयगत सञ्जाल निर्माण,

## परिच्छेद - ७

१६. कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था- (१) यस कार्यविधि बमोजिम छनोट भएका स्मार्ट विद्यालयमा सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपेरिवेक्षण निर्देशक समिति, मन्त्रालय, निर्देशनालय, डिभिजन कार्यालय, स्थानीय तह र विद्यालय व्यवस्थापन समितिबाट आवश्यकता अनुसार हुनेछ।

१७. प्रतिवेदन पेश गर्नु पर्ने - (१) यस कार्यविधि बमोजिम छनोट भई कार्यक्रम प्राप्त गर्ने विद्यालयले यस कार्यक्रमको छुट्टै सामाजिक परीक्षण गराई डिभिजन मार्फत निर्देशनालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा निर्देशनालयले एकीकृत प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नेछ

## परिच्छेद - ६

## विविध

१८. <u>प्रचलित कानून बमोजिम हुने</u>: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्मार्ट विद्यालय कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपाल कानुन प्रतिकूल नहुने गरी गर्नु पर्नेछ।

१९. बाधा अडकाउ फुकाउने: यस कार्यविधिमा रहेका कुनै प्रावधानमा हेरफेर गर्न आवश्यक भएमा मन्त्रालयले बाधा अडकाउ फुकाउन सक्नेछ ।

अनुसूची १

## स्मार्ट विद्यालयका लागि पेश गर्ने निवेदन

### पेश गर्नुपर्ने कागजातहरु

श्री सामाजिक विकास डिभिजन कार्यालय

..............

**विषय : स्मार्ट विद्यालय छनोट सम्वन्धमा।**

प्रस्तुत बिषयमा शिक्षा तथा सामाजिक विकास निर्देशनालयको मिति मा प्रकाशित सूचना अनुसार शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिबृद्धि (स्मार्ट विद्यालय) कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को न्युनतम सर्तहरु पुरा गरेकोले स्मार्ट विद्यालयको रुपमा छनोट हुन देहायअनुसारका विवरण सहित प्रस्ताव पेश गरिएको छ :

प्रधानाध्यापक

१) विद्यालयको संक्षिप्त विवरण (शैक्षिक संस्थाको IEMISकोड समेत उल्लेख गर्ने)

जग्गा सम्बन्धी विवरण

| क.सं. | कित्ता नं. | क्षेत्रफल | जग्गाको स्वामित्व | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

भवन सम्बन्धी विवरण

| कसं | भवन संख्या | | कोठा संख्या | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | पक्की | | | | |
| २ | कच्ची | | | | |
| | जम्मा | | | | |

शिक्षक तथा कर्मचारीको विवरण

| क.सं. | नामथर | तह /श्रेणी | शैक्षिक योग्ता | कार्य अनुभव | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

विद्यार्थी विवरण

| | अघिल्लो शैक्षिक सत्र | | | चालु शैक्षिक सत्र |
|---|---|---|---|---|
| कसं | कक्षा | भर्ना | अन्तिम परीक्षामा सहभागी | भर्ना |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

१. विगत २ वर्षको कक्षा ८ र SEE को नतिजा (विषयगत समेत)

२. विद्यालयको भौतिक पूर्वाधार देखिने फोटो र संक्षिप्त भिडियो क्लिप समेत

# अनुसूची २

## विद्यालय छनोटका आधार

| क्रसं | सूचक | अङ्कभार | आधार | प्रमाण |
|---|---|---|---|---|
| १ | विद्यार्थी संख्या | १० | १. हिमालमा कम्तिमा ३५० पहाडमा ४५० र तराईमा ६०० विद्यार्थी भए १० अङ्क<br>२. हिमालमा कम्तिमा २५० पहाडमा ४०० र तराईमा ५०० विद्यार्थी भए ७ अङ्क<br>३. हिमालमा कम्तिमा २०० पहाडमा ३०० र तराईमा ४५० विद्यार्थी भए ५ अङ्क<br>४.सो भन्दा कम भए ० अङ्क | स्थानीय तहबाट प्रमाणित EMIS मा प्रविष्ट संख्या |
| २ | बिद्युत र इन्टरनेटको पहुँच | ५ | १. बिद्युत र इन्टरनेटको सबै कक्षामा समेत पहुँच भएमा ५ अङ्क<br>२.बिद्युत जडान भइ अधिकांश कोठामा इन्टरनेटको समेत पहुँच भएमा ३<br>३.विद्युत र इन्टरनेट पहुँच कार्यालय र कम्प्यूटर ल्यावमा मात्र भए २<br>४. विद्युत र इन्टरनेटको पहुँच नभए ० अङ्क | वि व्य स र शि अ संघको बैठकको निर्णयको प्रतिलिपि |
| ३ | विद्यालय भौतिक पूर्वाधार कक्षा कोठा | १० | १.प्रयोगशाला, पुस्तकालय सहित प्रयाप्त कक्षाकोठा भई अतिरिक्त ३ कोठा भए १०<br>२. प्रयोगशाला, पुस्तकालय सहित प्रयाप्त कक्षाकोठा भई अतिरिक्त कोठा नभएको ७<br>३. शिक्षणका लागि प्रयाप्त कक्षाकोठा भएको प्रयोगशाला अभाव रहेको ४<br>४. सो भन्दा कम भए ० अङ्क | |
| ४ | सूचना प्रविधि सामग्रीको अवस्था | १० | १. कम्तिमा २० कम्प्यूटर सहितको IT ल्याव, स्मार्ट वोर्ड सहित एकै पटक ५ वटा कक्षा पोजेक्टरबाट कक्षा सञ्चालन हुन सक्ने १०<br>२.विद्यालयमा १५ कम्प्यूटर सहितको IT ल्याव भइ कम्तिमा १ वटा स्मार्ट वोर्ड १ वटा प्रोजेक्टरबाट कक्षा सञ्चालन भए ७<br>३. विद्यालयमा IT ल्याव भइ चालु रहेको र शिक्षण सिकाइमा समेत प्रयोग भएको भए ५<br>४.सो भन्दा कम भए सुन्य अङ्क | शिक्षक स्टार्फको बैठक र निर्णय पुस्तिकाको प्रमाणित प्रतिलिपि |
| ५ | शिक्षकमा प्रविधिको ज्ञान | १० | १.१००% शिक्षक प्रविधिमा जानकार भइ शिक्षणमा प्रयोग गर्न सक्ने १०<br>२. ७५% शिक्षक प्रविधिमा जानकार भइ शिक्षणमा प्रयोग गर्न सक्ने ७<br>३. ५०% शिक्षक प्रविधिमा जानकार भइ शिक्षणमा प्रयोग गर्न सक्ने ५<br>४. २५ % शिक्षक प्रविधिमा जानकार भइ शिक्षणमा प्रयोग गर्न सक्ने २ | वि व्य स र शि अ संघको बैठकको निर्णयको प्रतिलिपि |

| | | | | |
|---|---|---|---|---|
| ६ | सुरक्षा प्रवन्ध | ५ | १. बिद्यालयका सवै कक्षाकोठा सुरक्षित रहि पक्कि कम्पाउण्डवाल भएको र रात्री कालीन सुरक्षाको प्रबन्ध भएको ५<br>२. विद्यालयका सवै कक्षाकोठा सुरक्षित भई कम्पाउण्डवाल भएको ३<br>३. विद्यालयका प्राय कक्षाकोठा सुरक्षित कम्पाउण्डवाल भएको २<br>४.सो भन्दा कम भए ० अङ्क | वि व्य स र शि अ संघको बैठकको निर्णयको प्रतिलिपि |
| ७ | विकास प्रस्ताव | १५ | १. स्मार्ट विद्यालय प्रस्ताव उत्कृष्ट भए १५<br>२. स्मार्ट विद्यालय प्रस्ताव राम्रो भए १०<br>३. स्मार्ट विद्यालय प्रस्ताव सन्तोषजनक भए ५ | प्रस्ताव मुल्याङ्कन समितिको निर्णय |
| ८ | SEE को सिकाई उपलब्धी | १५ | १. औषत नतिजा ३ जिपिए भन्दा माथि १५<br>२. औषत नतिजा ३ जिपिए भन्दा कम र २.८ सम्म भए १०<br>३. औषत नतिजा २.८ जिपिए भन्दा कम र २.४ सम्म भए ७<br>४. औषत नतिजा २.४ जिपिए भन्दा कम २.० सम्म भए ५ अङ्क | सम्बन्धित शिक्षा तथा समन्वय इकाईबाट प्रमाणित |
| ९ | शिक्षक दरबन्दी | ५ | १. विषयगत शिक्षक दरबन्दी कक्षा (९-१०) पुरा भएको ५<br>२. विषयगत दरबन्दी कक्षा (९-१०) कम्तिमा ३ रहेको ३<br>३. विषयगत दरबन्दी कक्षा (९-१०) कम्तिमा १ रहेको १ | स्थानीय तहबाट प्रमाणित |
| १० | विद्यार्थीमा नवप्रवर्तनीय अभ्यास | ५ | १. कम्तिमा ५ वटा अभ्यास गरेको ५<br>२. कम्तिमा ३ वटा अभ्यास गरेको ३<br>३. नवप्रवतनीय अभ्यास नगरेको ० | निर्णय पुस्तिका र पुरस्कार तथा प्रमाणपत्रको फोटो समेत |
| ११ | भौगोलिक अवस्थिती | १० | १. गाउँपालिका भए १०<br>२. नगरपालिका भए ८<br>३. उपमहानगरपालिका भए ५ | भौगोलिक विभाजन |
| | जम्मा पुर्णाङ्क | १०० | प्राप्ताङ्क | |

स्मार्ट विद्यालय प्रस्ताव सहित विद्यालयहरुले आफ्नो विद्यालयको स्वमुल्याङ्कन प्रतिवेदन (STR) समेत संलग्न गरी पेश गर्नेछन । डिभिजन कार्यालयले त्यसको सत्यापन सहितको प्रतिवेदन (VR) सहित निर्देशनालयमा पेश गर्नेछ । निर्देशनालयले प्रस्ताव मुल्याङ्कन समिति गठन गरी प्रस्तावको मुल्याङ्कन गराई अन्तिम सत्यापन प्रतिवेदन तयार गरी (FVR) निर्देशक समितिमा पेश गर्दछ ।

अनुसूची-३

## स्मार्ट विद्यालय विकास प्रस्तावको ढाँचा

१. परिचय:

२. विद्यालयको Catchment Area:

३. दूरदृष्टी, लक्ष्य, उद्देश्य:

४. विद्यालयको भौतिक पूर्वाधारको अवस्था:

५. सूचना प्रविधिको प्रयोगको अवस्था:

६. उपलब्ध जनशक्ति र त्यसको विकासको अवस्था:

७. विद्यालय व्यवस्थापन समितिको क्रियाशिलता:

८. विद्यालयको आवधिक योजना र कार्यान्वयनको अवस्था:

९. विद्यालयको विद्यमान अवस्था विश्लेषण

क) सबल पक्षहरु

ख) सूधार गर्नुपर्ने पक्षहरु

ग) अवसरहरु

घ) चुनौतिहरु

१०. विद्यालय सुधार योजनाको सारांश:

११. प्रस्तावित रणनीति, कार्यनीति र कार्यक्रम:

१२. आवश्यक स्रोत सङ्कलन र लगानीको योजना:

१३. संस्थागत क्षमता विकास

१४. नवप्रवर्तनीय सोँच र दिगोपना

१५. कार्यान्वयन योजना

१६. शैक्षिक गुणस्तर सुधारका लागि गरिएका प्रयासहरु:

१७. अन्य मौलिक पक्ष केही भए